# किसान जाति एक चिनारी

– केशव प्रसाद अधिकारी

## ऐतिहासिक पृष्ठभूमि

नेपाल अधिराज्यभरिमा सबै भन्दा बढी जनजातिहरूको बसोबास भएको जिल्ला झापा हो । यो जिल्लाको पूर्वमा भारतको पश्चिम बंगाल, दक्षिणमा भारतकै बिहार राज्य र उत्तर तथा पश्चिममा भने इलाम र मोरङ्ग पर्दछन् । शुरूमा जङ्गलको रूपमा रहेको यो जिल्लामा सर्व प्रथम बस्ती बसाल्ने कार्यको थालनी यहाँका अदिबासी भनिने राजवंशी, धिमाल, सतार, मेचे, किसान आदिले गरे । पछि गएर यहाँको मलिलो माटोको कारण उब्जनी बढी हुने देखेर यहाँ पूर्वी नेपालका प्राय सबै जिल्लाबाट बाहुन क्षेत्रीहरू बसाई सराई गरेर आए । अत्यधिक मात्रामा आएका चलाख मानिने बाहुन क्षेत्रीहरूले यहाँका आदिबासीहरूलाई अल्पमतमा पारे । फलस्वरूप उनीहरू भूमिहीन समेत बन्न पुगे र आदिबासी जातिको लोपहुने अवस्थाको समेत सिर्जना भयो । यहाँबाट यसरी लोप हुने अवस्थामा पुगेको जाति मध्ये किसान जाति पनि एक हो ।

पेशागत दृष्टिकोणले नेपालका प्राय नब्बे प्रतिशत नेपालीहरू किसान भएका भए तापनि जातीय दृष्टिकोणले किसान जाति नेपालको सन्दर्भमा एउटा नौलो जाति हो । त्यसैले नेपालमा यो जातिको बसोबास रहेको तथ्य धेरैलाई थाहा नहुन पनि सक्छ । नेपालको पूर्वीद्वारका रूपमा रहेको झापा जिल्लाको मेची नगरपालिका आसपास रहेका पशुपति गाउँ, सतीघट्टा, खुटीडागी, च्याल्मे गाउँ, आयाबारी, कालाखुट्टा, माहुरमाडी, सुबाबस्ती, कठरडागी, बुट्टाबारी, धाईजन र शान्तिनगर आदि स्थानमा गरेर पनि यिनीहरूको कुल जनसंख्या एघार सय नाघ्दैन । किसान जातिको बसोबास यहाँ बाहेक नेपाल अधिराज्यभरिमा कतैपनि छैन । सीमित संख्यामा छरिएर रहेका र निर्धन भएका कारणले यहाँबाट पलायन हुँदै गइरहेको अवस्था रहेकाले वर्तमान समयसम्म यिनीहरूका बारेमा कहीं कतैबाट खोजी र अनुसन्धान भएको छैन । शास्त्र दत्त पन्तले सतार, राजवंशी, धिमाल र मेचे जातिलाई झापाका आदिबासी भनेर उल्लेख गर्नु भयो तर वहाँले किसान जाति पनि यहाँका आदिबासी हुन् भन्ने कुरा उल्लेख गर्नु भएन[1] । त्यस्तै डोरबहादुर बिष्टले People of Nepal मा झापाका राजवंशीलाई स्थान दिनु भयो, किसान जातिमाथि वहाँको पनि दृष्टि परेन । जनक लाल शर्माले पनि हाम्रो समाज एक अध्ययन नामक ग्रन्थमा किसान जातिका बारेमा एक शब्द पनि उल्लेख गर्न आवश्यक ठान्नु भएन । यहाँका स्थानीय केही खोजकर्ताहरूले यिनीहरूका बारेमा कलम चलाएको सुनिएको भए तापनि प्रकाशित सामाग्री कुनै पनि खोजकर्तासंग नभएका कारणले

त्यसको अध्ययन गर्ने मौका पाइएन । त्यसैले यो लेख स्थलगत निरीक्षण र केही किसानहरूसंग लिएको अन्तर्वाताका आधारमा तयार गरिएको हो ।

**उत्पत्तिः-**

झापाका आदिबासी भनिने राजवंशी, धिमाल, सतार, मेचे, किसान आदि सबै जातिहरू भारतका विभिन्न स्थानहरूबाट नेपाल प्रवेश गरी बसोबास गरेका जातिहुन् । यस मध्येमा किसान जाति नेपालमा कहिलेदेखि बसोबास गर्दै आएको जाति हो भन्ने बारेमा यकिनका साथ केही भन्न सकिन्न । स्थलगत अध्ययनका क्रममा पनि कुनै एक जना किसानले आफू भारतको यो स्थानबाट यहाँ आएको र यस स्थानमा आफूहरू यति अगाडिदेखि बसोबास गर्दै आइरहेका छौं भनेर बताउन सकेन । यस सम्बन्धमा आफ्नो एम.ए. को भिलेज प्रोफाइल तयार गर्ने क्रममा कुलबहादुर बिष्टले यिनीहरूलाई भारतको पश्चिम बंगालमा अंग्रेजहरूले चिया खेतीको विकास गरे पछि चिया बगानका काममा लगाउन राँचिबाट ल्याएका हुन् र पछि यिनीहरू त्यतैबाट नेपाल प्रवेश गरेका हुन्[२] भन्नु भएको छ । श्री विष्टले राँचिबाट निर्वाचित एक जना किसान जातका M.L.A. यिनीहरूलाई भेट्न आफ्ना ४ जना भारतीय सुरक्षाकर्मीका साथ नेपाल आएका थिए । ती M.L.A. झापा तथा बंगालका किसान जातिहरूलाई भेटेर राँचि फर्केको कुरापनि बताउनु भएको छ[३] । तर वहाँले ती M.L.A. झापा आएको निश्चित समय भने बताउनु भएको छैन । यही कुरो लाई स्थलगत अध्ययनका क्रममा बुझ्न खोज्दा कुनै एकजना किसानले पनि आफूलाई भेट्न त्यसरी कुनै पनि किसान जातको नेता आएको कुरा स्वीकार गरेन । बरू केही वर्ष अगाडि कांवर जातिलाई भेट्न भारतबाट त्यस्तो नेता आएको र कांवर जाति आफ्नो जाति भित्र नपर्ने कुरो मागुरमाडी-४ सेमेरडङ्गाका खुयु किसान र जोगी किसानले बताए । उनीहरूका अनुसार यिनीहरूका बाबु बाजे यही जन्मेर यही मरे, आफ्नो पुर्खा कहांबाट आए, कहिले आए त्यो कुरा उनीहरूलाई केही थाहा छैन । बरू यस सम्बन्धमा जोगी किसान किसानहरू कुशबाट उत्पन्न भएका हुन् । त्यसैले किसानहरूको गोत्र पनि कुश नै भएको बताउँछन् । पहिले आफ्नो पुर्खाहरूले पनि जनै लगाउने गरेको तर उक्त जनै मुसाले काटि दिएकाले पछिबाट जनै लगाउन छोडेको र आफूहरूपनि ब्राम्हण जाति जस्तै भएको दावी किसानहरूको छ ।[४] नेपालको सुनसरी क्षेत्रमा रहेका उरांव जाति पनि किसान जातिका पूर्वज हुन सक्छन् । उरांव भाषालाई कुरूख भनिने र कुरूखको अर्थ जर्ज ग्रियर्सनले उल्लेख गरेको भनेर जगदीश त्रिगुणायतले किसानी, घागरी, खेण्डरोइ आदि हुने[४] उल्लेख गर्नु भएको छ । उराँव जाति किसानका पूर्वज हुन सक्छन् भन्ने धारणा चिन्तामणि दाहालको पनि रहेको छ । यसरी यिनीहरूको उत्पत्तिका सम्बन्धमा विभिन्न भनाईहरू रहेको र यी भनाइहरूलाई लिखित स्रोतहरूले स्पष्ट पार्न नसकेकाले यस बारेमा थप अध्ययन अनुसन्धानको आवश्यकता रहेको तथ्य स्वीकार गर्नै पर्छ ।

**वेशभुषाः-**

किसान पुरुष कमिज र धोती लगाउँछन् । किसान महिलाले भने धोती र ब्लाउज नै लगाउने गर्दछन् । पुरुषले लगाउने यिनीहरूका विशेष किसिंमका गरगहना नभए तापनि महिलाले लगाउने गहना भने रहेका छन् । महिलाले यसरी लगाउने गहनामा चादुंवा (चाँदिको मोहोर पैसाको माला), सिक्री, तर्की (झुम्का), लोला (टप), बेरा (मोटा मोटा चाँदिका चुरा) चुरी आदि रहेका छन् । यसका अतिरिक्त किसान महिलाहरू कम्मरमा धुन्सी (पेटी), खुट्टामा पैन्ही (कल्ली जस्तै तर गोलो आकारको होइन) र खुट्टाको औंलामा झटिया लगाउँछन् । कपालमा खडसो, चौरी (धागो) लगाउँछन् । यिनीहरूले लगाउने यी सबै गहनाहरू चाँदिबाट बनाइएका हुन्छन् । जति धनी भएपनि यिनीहरू सुनका गहना लगाउँदैनन् । किसान महिलाले नाक छेड्दैनन् त्यसैले यिनीहरू फुलि लगाउँदैनन् । किसान महिलालाई चिन्ने यो एउटा सरल उपाय हो । किसान महिला तथा पुरुष दुबैले आफ्ना हातका पाखुरा र खुट्टाका पिडुलामा कुनैपनि देवी देवता वा कसैको पनि आकृतिको टाटु खोपाउँदैनन् ।

**सांस्कृतिक अवस्थाः-**

सबै जातिका लागि आफू जन्मिएको भूमि, कला र संस्कृति प्राण भन्दा प्यारो हुन्छ । त्यसैले किसान जातिलाई पनि लोपहने अवस्थामा पुगेका आफूहरू र आफ्नो संस्कृति

प्रति ठूलो चासो रहेको छ । त्यसैले यिनीहरूले लोपहुने अवस्थामा पुगेको आफ्नो भाषा साहित्य र संस्कृतिको पुनः खोज अन्वेषण तथा संरक्षण गर्ने उद्देश्यले हालै यिनीहरूले "किसान कल्याण समाज" नामक संस्थाको स्थापना गरेका छन् । यसै संस्थाको सक्रियतामा यिनीहरूले स्व. श्री ५ विरेन्द्रको गद्दी आरोहणको रजत महोत्सव २०५३ मा साधना कलाकेन्द्र काठमाडौंबाट लोपहुन लागेका लोप संस्कृतिको खोजी र जर्गेना गर्ने उद्देश्यले काठमाडौंमा आयोजना गरेको राष्ट्रव्यापी लोक नृत्य प्रतियोगितामा सहभागी भएका थिए । तात्कालिन प्रधानमन्त्री शेरबहादुर देउवा प्रमुख अतिथि रहनु भएको सो कार्यक्रममा यिनीहरूले स्व. श्री ५ दीपेन्द्र सरकारको शुभकामना सहितको सम्मान पत्र प्राप्त गरेका थिए । हाल यिनीहरूको सो किसान कल्याण समाज त्यति सक्रिय छैन । तर पनि यसैको आह्वानमा हरेक फगुवामा स्थानीय विद्यालय प्राङ्गणमा यिनीहरूले आफ्नो लोक नृत्य प्रस्तुत् गर्ने गरेका छन् । जे भए तापनि संक्षेपमा के भन्न सकिन्छ भने किसानहरू आफ्नो संस्कृति संरक्षण गर्ने तर्फ विशेष अभिरूचि राखिरहेका छन् र समाजमा आफ्नै छुट्टै पहिचान बनाउन दृढ संकल्प बोकेर अगाडि बढिरहेका छन् ।

**शैक्षिक अवस्थाः-**

किसानहरूको शैक्षिक अवस्था ज्यादै गए गुज्रेको अवस्थामा रहेको छ । यिनीहरू बसोबास गरेका विभिन्न १३ वटा गाउँहरू मध्येमा S.L.C. पास गर्ने जम्मा दुई जना मात्र किसान पाइए । यस मध्येका अमर किसान शनिश्चरे दहि झोडाको प्रा.वि.मा अध्यापन कार्यमा संलग्न छन् । पढेर ठूलो जागिर खाने किसाहरूमा यिनी एक मात्र व्यक्ति हुन् । यिनी पछि S.L.C पास गर्ने अर्को व्यक्ति भीम किसान हुन् । यिनी हाल मेची नगरपालिका स्थित धुलाबारीमा ११ कक्षामा अध्ययन गरिरहेका छन् । छोरीहरूमा सबैभन्दा बढी पढ्ने शान्ती नगर झापाकी मोट्की किसान हुन् । यिनी नबा किसानकी छोरी हुन् । यस भन्दा बढी पढेका कुनै युवा युवति किसान परिवारमा छैन् । १-२ कक्षा देखि ६ कक्षासम्म पढ्ने किसानको संख्या पनि ३० भन्दा बढी छैन ।

**राजनैतिक अवस्थाः-**

किसान जातिलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनितिसंग कुनै सरोकार छैन । यिनीहरूलाई गा.वि.स. तथा नगरपालिकासंग पनि त्यति काम पर्दैन । आफ्नो जातिभित्रका चोरी, डकैति, र ज्यानमारा बाहेकका सबै किसिमका झैं-झगडाको छिनो फानो आफ्नै समूहको नाइके राजाले गर्ने भएकोले पनि गा.वि.स. वा नगरपालिकासंग यिनीहरूको खासै चासो नबढेको हो । गा.वि.स. संग नागरीकताको प्रमाण-पत्रको र अन्य जग्गा दर्ता, अनि जन्म मृत्युको शिफारीस लिनमात्र यिनीहरूको काम पर्दछ, भूमिहिन किसानलाई त यस किसिमको काम पनि पर्दैन । झैं-झगडाको छिनो फानो यिनीहरू आफैबाट मिल्ने भएकाले यिनीहरूका कुनैपनि मुद्दामामिलाका कुरा यिनीहरूको समाजबाट बाहिर आउँदैन । भित्रीरूपमा राष्ट्रिय राजनितिक पार्टीसंग यिनीहरूको सम्बन्ध रहेको बाहेक बाह्य रूपमा चुनाव होस् वा आमचुनाव होस् आफूलाई तत्काल सुविधा दिने राजनितिक पार्टीसंग यिनीहरूको सम्बन्ध स्थापना हुन्छ । संक्षेपमा भन्नु पर्दा किसानहरू आफ्नो समाज बाहिरको राजनितिकसंग कुनै सम्बन्ध राख्न चाहँदैनन् । उनीहरूको समाजमा रहेका राजा, मन्त्री र सिपाहीबाटै उनीहरूको समस्या टर्छ । यिनै राजा, मन्त्री र सिपाहीले किसान समाज नियमित रूपबाट अगाडि बढिरहेको छ । आफ्नो समाज बाहिरको राजनितिको यिनीहरूमा कुनै प्रभाव परेको छैन ।

**सामाजिक अवस्थाः-**

किसान जाति एउटा पिछडिएको जाति हो । झापा जिल्लामा पर्ने पूर्व पश्चिम राजमार्ग वरपर रहेका माथि उल्लेख भएका पशुपति गाउँ, खुट्टीडांगी, च्याल्मे गाउँ, आयाबारी, कालाखुट्टा, मागुरमाडी, सुवा बस्ती, कठरडांगी, बुट्टाबारी, धाइजन, शान्तिनगर आदि गाउँहरूमा यिनीहरूको बस्ती छरिएर रहेको छ । नेपाल अधिराज्यभरिमा यी स्थान बाहेक अन्यत्र कतै पनि किसान जातिको बस्ती नरहेको दाबी यिनीहरूको छ । अत्यन्त सोझो भएकाले गाउँका ठूलाठालूबाट शोषित भई सुकुम्बासी हुन पुग्दा पनि ती प्रति यिनीहरूको कुनै रिस राग छैन । ठूलाबडाका चिया बगानमा मजदुरी गर्नु, खेती गर्ने कार्यमा सहयोग गर्नु नै यिनीहरूको मूलकार्य भएकाले यिनीहरू कठोर जीवनयापन गर्न बाध्य छन् । तर

पनि यिनीहरूको समाज संचालन गर्ने आफ्नै नीतिनियम र तरीकाहरू छन् । किसानहरू समाजमा आपसमा मिलेर बस्न रूचाउँछन् । झैं-झगडा परिहाल्यो भने त्यसको छिनोफानो गर्ने यिनीहरूको आफ्नै राजा (गाउँ बुढो), मन्त्री (वकिल) र सिपाही हुन्छन् । राजाको मृत्यु पछि उसको जेठो छोरो नै राजा हुन्छ । राजा बालक भएमा उसकी आमा वा परिवारका अन्य सदस्यले पनि राजाको काममा सहयोग पुऱ्याउन सक्छन् । हाल यहाँ यिनीहरूका राजा ३७ वर्षिय भाबीर किसान हुन् ।[७] यिनी यस अधिका राजा ढोडी किसानका भतिजा हुन् । ढोडी किसान (राजा) को छोरो लठेब्रो भएकाले गाउँलेहरूले भाबीर किसानलाई राजा बनाएका हुन् । ढोडी किसान अगाडि बुढउ किसान यहाँका राजा थिए ।

हालका राजा भाबीर किसानलाई सघाउन समाजले ४० वर्षका खुयु किसानलाई मन्त्री (वकिल) नियुक्त गरेको छ । वल्लो पल्लो गाउँकालाई राजाको आदेश सुनाउनु पर्ने र अपराधी पक्रेर ल्याउनु पर्ने भएकाले किसान समाजले राजाको सहयोगका लागि केहि सिपाहीको समेत नियुक्ति गरेको छ । हालका राजा भावीर किसानका ४२ वर्षीय पचन किसान, ५५ वर्षीय बाहुन किसान र ५५ वर्षीय नै झांक्री किसान गरेर तीन जना सिपाही छन् । समाज हेरेर सिपाहीको संख्या घटाउन बढाउन सकिन्छ । मन्त्री र सिपाहीको नियुक्ति किसान समाजले गर्दछ ।

चोरी, डकैती र ज्यान मार्ने कार्य गरे बाहेक प्राय अरू सबै किसिमका झैं-झगडाको छिनोफानो राजाले गर्दछ । यसका लागि मन्त्री (वकिल) ले पनि राजालाई आवश्यक सहयोग पुऱ्याउँछ । आफूलाई अन्याय पर्दा नयाँ गम्छा (पातलो तौलिया) मा रू. १.२५ राखेर राजा कहाँ उजुरी गर्नु पर्छ । हाल उजुरी गर्ने रकम रू. २५ पुगेको छ । १ देखि २ पटकका सामान्य अपराधमा अपराधीलाई दण्ड गरिंदैन । अपराधको क्रम बढ्दै गएपछि उसलाई आर्थिक दण्ड गरिन्छ ।

किसान जातिभित्र सानो र ठूलो जात छ नै । कंवर जात र किसानको एउटै भाषा छ तर कंवरलाई किसानहरू आफूभन्दा तलको जात मान्छन् । किनभने कंवरले राँगाको मासु खान्छ । किसानले राँगा खाँदैनन् । उराव किसान भन्दा अझै सानो जात हो । यिनले गोरूको मासु खान्छन् । त्यसैले यी तल्ला जात मानिनेहरूसंग किसानहरू विवाह गर्न रूचाउँदैनन् । कुनै नवयुवकले कंवर तथा उराव केटी विवाह गरी ल्यायो भने उसलाई कसरी आफ्नो समूहमा स्थापित गर्ने भन्ने जिम्मा राजाको हुन्छ । यसका लागि उक्त नवयुवकले माथि उल्लेख गरे झैं राजाकहाँ निवेदन गर्नु पर्छ । राजाले उसलाई एउटा बोको र केही आर्थिक दण्ड जरीवाना तोक्छन् । युवकले त्यो जरिवाना बुझाएपछि पुनः समाज डाकिन्छ र युवकले दण्ड तिरेको बोको तथा नगद रकमबाट भोजको आयोजना गरिन्छ । त्यो भोजमा समाजबाट अलग्ग राखिएका ती दम्पतिले छोएको भोजको भागबाट राजाले भात तथा मासु (थोरै थोरै) झिकेर समाजको अगाडि आफ्नो भागमा मिसाएर खान्छन् । यसपछि उनीहरू आफ्नो समुदायमा मिल्न सक्छन्, समूहबाट तलका मानिंदैनन् ।

किसान जातिमा आफ्नो राजा (समुदाय)को निकै महत्त्वपूर्ण स्थान छ । राजालाई यिनीहरू बैगा पनि भन्दछन् । जुनसुकै कठिन परिस्थितिमा पनि राजाले आफ्नो भुमिका निर्वाह गर्नुपर्छ । कुनै व्यक्ति गौमार भयो भने त्यसको पाप बोक्नु राजाका लागि निकै कठिन कार्य हुन्छ । यदि कुनै गाई वस्तु कसैले बाँधेर राखेका ठाउँमा अल्झीएर मऱ्यो भने व्यक्तिको किसान समाजमा पानी चल्दैन । यसलाई किसानहरू सबैभन्दा ठूलो अपराध मान्दछन् । समाजमा मिलेर बस्न र पानी चल्ने हुन सो व्यक्तिले राजालाई १२ वटासम्म बोकादण्ड तिर्नु पर्छ । किसान समाजले अर्काको स्वास्नी हर्नेलाई पनि राम्रो दृष्टिले हेर्दैनन् । अर्काको स्वास्नी हर्नेलाई हाल सामाजिक दण्डका रूपमा १२,००० रूपैयाँ दण्ड तिराइन्छ । पोइल आउने आइमाइले पनि १२,००० नै दण्ड तिर्नु पर्छ । यसरी यस्तो अवस्थामा यो जोडीले २४,००० दण्ड तिर्नुपर्ने र दण्ड नतिरेमा समाजमा आफ्नो पानी समेत नचल्ने भएकाले यस किसिमको घटना हुने सम्भावना कम रहन्छ । यस्ता घटनाहरूमा राजालाई फैसला गर्न गाऱ्हो पर्दा सहयोगका लागि अर्को किसान समुदायका राजालाई बोलाउने चलन छ । राजाको फैसला मान्न इन्कार गरेमा अपराधिलाई छुट्टै स्थानमा एक मुठो पराल ओछ्याइदिएर त्यहाँ बस्न लगाइन्छ र उसंग अछुतको व्यवहार गरिन्छ । त्यसैले

राजाको निर्णय सर्वोपरी हुन्छ । राजाको निर्णय मान्य भएपछि भने अपराधिलाई बोको तथा आर्थिक दण्ड गरी भोजको आयोजना गरी उसको हातको पानी खाएर समुदायमा मिलाइन्छ । फैसला गरे वापत राजाले एउटा सेतो धोती र रू. ५ पारिश्रमिक पाउँछन् । भाविर किसान हाल राजा भएको दुई वर्ष बित्दा ७ वटा फैसला गरी ७ वटा धोती पाइसके । यिनीहरूको समाजमा प्रचलित नीति नियमहरू परम्परादेखि चल्दै आइरहेका हुन् । आर्थिक दण्ड दिने कुरोलाई मात्र यिनीहरूले क्रमशः दण्डको रकम बढाउँदै लगेका हुन् ।

हाल यहाँ तेलिया र सेन्द्रिया गरेर दुई जातका किसानहरूको मात्र बसोबास रहेको छ । पहिला तेलिया भन्दा सेन्द्रिया माथिल्लो जातको मानिन्थ्यो । अहिले किसान जातमा सानो र ठूलो जात छैन । तेलिया र सेन्द्रियामा कुनै फरक मानिन्दैन । यि दुवैमा एक अर्का बीचमा विवाह चल्छ । तेलिया र सेन्द्रियामा सामान्य फरक भने छ । तेलिया किसान विहाबारी देखि कुनै पनि उत्सवमा सिंदुर लगाउँदैनन् । यिनीहरू सिन्दुर लगाउनको सट्टामा तेलको टिका लगाउँछन् भने सेन्द्रिया किसानले सिंदुर कै प्रयोग गर्दछन् ।[८]

घर परिवारदेखि समाजसम्म नै महिलालाई मध्यम स्थानमा राखिएको छ । घरमा लोग्ने स्वास्नी दुवैको सल्लाहले काम गरिन्छ । तर पनि घरको प्रमुख व्यक्ति पुरुष नै हुन्छ । न्याय निसाफ दिने क्रममा राजा नभएमा घरकी महिलाले पनि राजाको कार्य गर्न सक्ने अधिकार छ । तर विशेष रूपमा समाजले महिलालाई कुनै पनि जिम्मेवारी दिएको छैन । अहिले आएर यिनीहरूले श्रीमती जिडनी किसानको नेतृत्वमा महिला किसान समूहको निर्माण गरेका छन् । यो समूहले महिलामाथि हुने कुनैपनि अत्याचारको प्रतिरोध गर्दछ र महिला समुदायको उन्नतिका बारेमा खास गरी आय आर्जन हुने सम्बन्धी कार्य संचालन गर्दछ ।

**आर्थिक अवस्थाः-**

किसानहरूको आर्थिक अवस्था दयनिय देखिन्छ । जङ्गल फडानी गरी खेती योग्य बनाएको जमिन टाठाबाठाले खाइ दिए । हाल त यिनीहरूको राजा नै भूमिहिन अवस्थामा पुग्न लागेका छन् । आफ्नो सीमित जमिनमा खेती गरी जिविकोपार्जन गर्नु यिनीहरूको बाध्यता हो । पढेलेखेका नभएका कारणले यिनीहरू कोही पनि जागिरे छैनन् । चिया बगानहरूमा मजदुरी गर्नु यिनीहरूको बाध्यता रहेको छ । चिया बगानमा काम गरे वापत हाल ज्याला बढाइएको अवस्थामा पनि प्रतिव्यक्ति रू. ६२ मात्र पाउँछन् । यसरी आफ्नो जमिन भएमा त्यसमा खेती गर्नु, अरूको जमिनमा गएर श्रम गरी आय आर्जन गर्नु तथा चिया बगानमा काम गर्नु नै यिनीहरूको आय आर्जनको मूल श्रोत हो । फुर्सदको समयमा पुरुष किसानहरू माछा मारेर पनि केही आय आर्जन गर्दछन् । माछा मार्ने कार्यमा यिनीहरूको ठूलो शौख रहेको देखिन्छ तर हिउँदमा सुक्ने यहाँका खोलाहरूमा माछा मारेर यिनीहरूले कति पो कमाउनु र ? कुनै पनि उद्योग व्यवसाय संचालन गर्ने क्षमता र धन नहुनु, आय आर्जनको खेती मजदुरी वाहेकको अर्को विकल्प नहुनु आदि कारणले यिनीहरूको आर्थिक अवस्था निकै कमजोर रहेको छ । आर्थिक अवस्था कमजोर भएर पेट पाल्न नसक्ने अवस्था भएर नै यिनीहरू क्रमशः लोप हुन लागेका हुन् ।

**धार्मिक अवस्थाः-**

किसान जातिहरू हिन्दु धर्म मान्दछन् । तर हिन्दुहरूको महान पर्व बडादशैंलाई भने धेरै जसो किसानहरू मिठो खाने पर्वका रूपमा मात्र लिन्छन् । थोरै मात्रलाई देवी दुर्गाको बारेमा थाहा छ र दशैंमा उनको पूजा गर्ने कुरा बताउँछन् । पहिला पहिला त दशैंमा टिका पनि लगाउँदैन थिए । हाल भने टिका लगाउने चलन छ। यिनीहरू सबैले श्रद्धाका साथमा पुज्ने एक मात्र देवता महादेव हुन् । यिनीहरू महादेव नै सबै भन्दा ठूला देवता हुन् भन्ने विश्वास गर्दछन् । यस पछि उनीहरू धर्ति, चन्द्र, सूर्य, विष्णुको पनि पूजा गर्दछन् । पिपललाई पूजा गर्दैनन् । तर पानी चढाउँछन् । यिनीहरूको गाउँले महादेव, विष्णु, चन्द्र, सूर्य आदिका देव स्थल (मन्दिर) छैनन् र अन्य मन्दिरहरू यी जाँदैनन् पनि । आफूलाई पूजा गर्न परेको समयमा ढुङ्गो स्थापना गरी त्यसैलाई महादेव, विष्णु आदिको रूप सम्झेर पूजा गर्दछन् । पूजा गरिसकेपछि त्यो ढुङ्गाको कुनै महत्त्व छैन । यिनीहरूको घर भित्र र बाहिर पनि कुनै पूजा स्थल छैन । तर पहिला पहिला घरमा भएको भान्सा कोठा जस्तै छुट्टै पूजा कोठा

हुन्थ्यो । त्यो पूजा कोठामा हरेक पन्ध्र दिनमा भात पकाएर खाने चलन थियो । त्यसमा सिकारी (महादेव) बसेका छन् भन्ने विश्वास लिइन्थ्यो र पर सरेका महिलालाई प्रवेश निषेध गरिएको थियो । अहिले आएर यस किसिमको विशेष कोठा कुनै पनि किसानको घरमा छैन ।

दशैं भन्दा तिहारलाई यिनीहरूले विशेष रूपमा मान्दछन् । तिहारमा लक्ष्मी पूजा गर्ने, मिठो खानेकुरो भन्दा विशेष कुरो न्वांगी (नयाँ अन्न) खाँदा गुवाली (गोठ) मा भाले पूजा गर्ने चलन छ । न्वांगी खाँदा भात पकाउने भान्सेले अनिवार्य रूपमा नयाँ लुगा लगाउनु पर्छ । महिलाले लगाउनेमा यो नयाँ लुगा (धोति) पारी भएको सेतो रङ्गको हुन्छ । यो रङ्ग महिला तथा पुरुष दुवैको प्रिय रङ्ग हो ।

फागु पुर्णिमा (फगुवा) र हरिशयनी एकादशीलाई पनि यिनीहरू विशेष रूपमा मान्दछन् । हरिशयनी एकादशीका दिन देउठइन (तुलसीको मोठ) मा तुलसीको पूजा गर्दछन् ।[९] फगुवामा भने विशेष सेल रोटी खाएर नाचगान गर्दछन् । यिनीहरू धानको बिउ राख्नु अगाडि वैशाख, जेठ महिनामा गरम सेवा पूजा गर्दछन् । यो पूजाका लागि प्रत्येक किसानका घरबाट एउटा कुखुराको भाले, पान, सुपारी, केरा, मिठाई, रातो, सेतो र कालो रङ्गको कपडाका टुक्राहरू ल्याएर ढुङ्गाको देवता स्थापना गरेर त्यसलाई शिवजी, ग्राम देवी आदि मानेर पूजा गर्दछन् । पूजा गर्दा धामीले "जुवाइर जुवाइर पुरव जुवाइर, पश्चिम जुवाइर, दक्षिण जुवाइर, चाइर खुट चाइर पृर्थी (पृथ्वी) आकाश जुवाइर, पाताल जुवाइर, चाँद सुरत (सूर्य) भाभि भगवान, कृष्ण भगवान, महादेव और पार्वतीके जुवाइर"[१०], भन्ने मन्त्र पाठ गर्दछ र धुपवत्ति गरी पूजा गर्दछ । यो पूजा पछि भोज खाएर अनुकूल समयमा यिनीहरू धानको बिउ छर्ने काम गर्दछन् । यसरी खेती शुरू हुन अगाडि पृथ्वी, आकाश, पाताल, कृष्ण, महादेव, पार्वती, आदिको स्मरण गरी विशेष पूजा गरेपछि खेती गर्ने कार्यको शुभारम्भ गर्नु यिनीहरूको धार्मिक विशेषता हो ।

भुत, प्रेत, डकिंनी (डायन) बोक्सी (मुर्खरी) आदिमा पनि यिनीहरूको त्यतिकै विश्वास छ । भुत, प्रेत, डकिंनी, बोक्सी आदिले दुःख दिएमा देवाइरले परेवा, कुखुराको बली दिएर पन्छाउँछ । यो पन्छाउन "सिद्रुपा चौरा साधर मसान साधर कुवारी साधर राजा बस कौरु गुरु काजी कमन लील वहाँ दैत वहाँसंग साथी इश्वर गुरा महादेव, पार्वति के दुहाइ"[११] भनेर देवाइरले मन्त्र पाठ गर्दछ । धामीलाई देवाइर पनि भनिन्छ । यो लेख तयार गर्ने क्रममा जम्मा दुइजना देवाइरसंग भेट भएको थियो । उनीहरूको अनुसार धामीका मन्त्र सिक्न एउटा छुट्टै घर हुन्छ । इच्छुक व्यक्तिलाई बेलुका खाना खाए पछिको समयमा यही घरमा धामीले मन्त्र सिकाउँछ । हाल यस प्रतिको आकर्षणमा कमी आइरहेको छ । धामी वा देवाइर यिनीहरूको आफ्नै किसान जात भित्रको मात्र हुन्छ ।

किसानहरू मान्छेको मृत्यु पछि ऊ स्वर्गमा जान्छ भन्ने विश्वास लिन्छन् । मृत्यु भएको व्यक्ति केही समय पछि फेरी जन्म लिएर आफ्नै कुलमा आउँछ भन्नेमा पनि यिनीहरूको विश्वास छ । यो कुरा पत्ता लगाउन यिनीहरू आफ्नो कुलमा कुनै बच्चाको जन्म भएपछि उसको नाम राख्ने दिन एउटा थालमा पानी राख्दछन् र त्यसमा विस्तारै चामलका गेडा खसाल्दै जान्छन् । त्यसरी चामलका गेडा थालमा खसाल्दा आफ्नो मृत पितृका नाम पनि लिदै जान्छन् । पितृका नाम लिइसकेपछि पुनः नवजात शिशुलाई सम्झेर चामलका गेडा खसाल्छन् । यसरी खसालेको चामलको गेडा पानीमा नडुबिकन जुन पितृका नाममा खसालेको चामलसंग घुमेर मिल्न जान्छ त्यो शिशुलाई त्यही पितृको रूप सम्झीन्छन् । यसरी यिनीहरूमा पुनर्जन्म छ भन्ने कुरामा पनि पूर्ण विश्वास रहेको छ ।

**संस्कारहरूः-**

प्रत्येक जातिका आ-आफ्नै संस्कारहरू हुन्छन् । जन्मदेखि मृत्युसम्म गरिने यी संस्कारहरू प्रत्येक जातिले आफ्नै किसिमले सम्पन्न गर्दछन् । मानिसले सामाजिकरण, सांसारिक सुख र आध्यात्मिक उन्नतिका लागि संस्कार सम्पन्न गर्दछ ।[१२] संस्कारले मानिसलाई संस्कारित, शुद्ध वा परिस्कृत पार्दछ ।[१३] किसानहरू पनि सामाजिकरणका लागि र संसारिक सुखकालागि तथा आफूलाई संस्कारित शुद्ध वा परिस्कृत पार्न विभिन्न संस्कारहरू सम्पन्न गर्दछन् । यिनीहरूले गर्ने संस्कारहरूमा बच्चा जन्मेपछि न्वारन वा नामाकरण संस्कार र त्यसपछिका विवाह र मृत्यु संस्कार मुख्य रूपले रहेका छन् ।

**जन्मः**

किसान समुदायमा एउटा बच्चाले जन्म लिदा दुई पटक न्वारन गर्ने चलन रहेको छ । छोरा होस् वा छोरी होस् बच्चा जन्मेको ६ दिनका दिन हजाम बोलाएर शिशुको कपाल काटेपछि पहिलो पटकको न्वारन सकिन्छ । यसरी शिशुको कपाल काटेपछि शिशु र आमालाई सबैले छुन सकिन्छ । शिशुको कपाल काटेर न्वारन गर्ने चलन यहाँका मेचे जातिमा पनि छ । यो भन्दा अगाडि किसान जातिहरूले गर्ने कुनै संस्कार छैन । बच्चा जन्मेको १२ दिनका दिन अर्को न्वारन गर्ने चलन छ । यो न्वारनलाई यिनीहरू बरही भन्दछन् । यो न्वारन गर्दा छोरा जन्मेको भएमा रातो रङ्गको भाले कुखुरा र छोरी जम्मेको भएमा रातै रङ्गको पोथी कुखुरा काटेर देवाइरले "राइत राखे चन्द्रमाए दिन राखे शुरुत माए नगर राखे मह माए सुइनके सिपालङ हाइसके सबथे रङ्गबीर घटबीर देवी चकर दुर्गा माता हाय रखुबार देवताके हात परल जाए"[१४] भन्ने मन्त्र पाठ गरेर धुपबत्ति बाली पूजा गर्छ । यसै दिन देवाइर र सुडेनीको सल्लाह अनुसार बच्चा जन्मेको बार तथा घटनाका आधारमा सो बच्चाको नाम राखिन्छ । यो न्वारन गर्दा शिशु र आमालाई शुद्ध पार्न उनीहरूको शरीरमा तेल र बेसार दल्ने काम गरिन्छ । यसरी तेल बेसार मालिस गर्ने काम सकिएपछि काटिएको कुखुराको रगतको टिका शिशु र आमालाई लगाइन्छ । यसरी टिका लगाइसकेपछि न्वारनको सम्पूर्ण कार्य सकिन्छ । पारिश्रमीक स्वरूप देवाइर र सुडेनीलाई एक एक जोर कपडा दिएर बिदा गरिन्छ । यिनीहरूको समुदायमा सुडेनीको पनि छुट्टै महत्त्व छ । जुन सुकै स्वास्नी मान्छे सुडेनी हुन सक्दिन ।[१५] बच्चाको न्वारनमा एक जोर कपडा पाइने भएकोले[१६] पनि सुडेनीको महत्त्व बढेको स्पष्ट देखिन्छ । यो संस्कार पछिको यिनीहरूको अर्को संस्कार विवाह संस्कार हो ।

**विवाहः-**

विवाह केटा र केटीलाई एकै सूत्रमा बाँध्ने पवित्र बन्धन हो भन्ने धारणा किसान जातिमा पनि छ । त्यसैले सबै जातिहरूले यो संस्कारलाई समान महत्त्व दिएको पाइन्छ । किसान जातिले यो संस्कार आफ्नै परम्परा अनुसार सम्पन्न गर्दछन् । विवाहको कुरो लमी मार्फत नै मिलाउँछन् । विवाहको कुरो मिलाउन केटा पक्षबाटै पहल गरिन्छ । लमीलाई केटीका घरमा पठाएपछि केटीका बाबु आमाले उसलाई आफ्नो घरमा आउनाको कारण सोध्छन् । लमीले तपाईको घरमा एउटा राम्रो फूल फूलेका रहेछ, त्यो फूल टिप्न पाइन्छ कि पाइदैन भनेर मलाई फलानाको घरबाट सोध्न पठाएको भन्छ । आफ्नी छोरी त्यो घरमा दिन इच्छा भएमा केटीका बाबु आमाले फूल र फल मिल्दो जुल्दो छ भने टिप्न पाइन्छ भने पछि विवाहको कुरोमा अभिभावकका तर्फबाट स्वीकृति जनाइन्छ । त्यसपछि केटाका तर्फबाट केटीलाई गहना र कपडा लिएर केही मानिस केटीका घरमा जान्छन् । सो गहना र कपडा लगाएर केटीले केटा पक्षका मानिसहरू र त्यहाँ उपस्थित भएका गाउँका आफन्त र गन्य मान्यलाई ढोगे पछि केटीले पनि विवाहको लागि स्वीकृति दिएको मानिन्छ । त्यसपछि केटा पक्षबाट केटीका घरमा दुइमन (८० के.जी.) धान, एक मन (४० के.जी.) चामल र पाँच के.जी. दाल पुऱ्याउन पठाउनु पर्छ । यसरी धान, चामल, दालको रीत बुझाएपछि विवाहको समय तोकिन्छ । केटोको आर्थिक अवस्था कमजोर भएमा यसै दिन केटीका घरमा विवाह गरिन्छ । नत्रभने यो रीत बुझेपछि केटीका बाबु आमा र आफन्तले केटीलाई लिएर विवाह तोकिएका दिनमा केटाका घरमा जन्ती जानु पर्छ र केटाकै घरमा विवाह सम्पन्न हुन्छ ।

किसानहरूले विवाहका लागि केही लचिलो नीति लिएका छन् । विवाहको कुरो पक्का भइसकेपछि केटामा केही आर्थिक भार पर्ने भएकाले यो विवाह एक वर्षदेखि बीसौं वर्षपछिसम्म पनि हुन सक्छ । यो अवधिमा केटीले केटाकै घरमा बस्न सक्छे । विवाह नभइकन यस्तो अवस्थामा यो जोडीबाट सन्तान भएमा अन्यथा मानिदैन । यस्तो जोडीबाट जम्मेको बच्चाको विवाह गर्नु अघिल्लो दिनसम्म भएपनि उनीहरूको विवाह हुनु पऱ्यो । किसान समाजले पनि केटा केटीका बाबु आमाको नियम अनुसार विवाह भएको छ छैन भनेर विशेष चासो राख्दछ ।[१६] झापाका मेचे तथा सतारहरू पनि केटाकै घरमा विवाह गर्दछन् । किसानहरूमा केटीका घरमा विवाह गरेको उदाहरण पाउन भने गाऱ्हो छ ।

विवाह गर्दा अन्य हिन्दूहरुको जस्तै किसानहरूले पनि यज्ञ बनाएर दियो कलशको स्थापना गर्दछन् । यज्ञमा जनै सुपाडी राखेर देवाइरले लगन भएको बताउँछन् ।

बेहुलालाई सेतो कपडामा बेसार दलेर पहेँलो पारिएको धोती र कमिज तथा बेहुलीलाई पनि त्यसै गरी रङ्गाइएको धोती र ब्लाउज लगाइदिएर विवाह मण्डपमा राखिन्छ। बेहुला बेहुलीको शरीरमा काँचो बेसार दलिएको हुन्छ। यसरी बेसार दल्नुको मतलब विवाह हुन लागेका जोडीलाई इश्वरले राम्रोसंग चिन्न सकुन् भनेर हो।[१७] विवाहको रात भर त्यहाँ उपस्थित समूहले बेहुला बेहुलीको लाज पचोस भनेर उनीहरूसंग बस्छन्। भोली पल्ट बिहान बेहुला बेहुलीलाई नुहाइदिएर पुनः यज्ञ मण्डपमा बसाउँछन्। यसपछि बेहुलीको भाइले भुटेको धानको फूल दिदी भिनाजु अगाडि रहेको सुपली (सानो नाङ्लो) मा राखिदिन्छ। यसो गर्नु अगाडि उसले भिनाजुबाट एउटा धोती पाउँछ। त्यसपछि बेहुला बेहुली उक्त सुपली खेलाउँदै नाच्दै विवाह मण्डपमा तीनदेखि पाँच फन्का घुम्छन्। त्यसपछि बेहुलीकी आमा हजुरआमाले छोरी ज्वाँइको गोडा धुने काम गर्दछन्। गोडा धुँदा बेहुलीकी आमा हजुरआमाले एउटा थाल, लोटा, गिलास छोरीलाई उपहार दिन्छन्। गोडा धुँदा बेहुला पक्षबाट केटीकी आमा हजुरआमालाई एक एक जोर कपडा उपहार दिनु पर्छ। गोडा धुने कार्य सकिएपछि यज्ञ मण्डपमा बेहुलीको सिउँदोमा बेहुलाले तेलिया किसान भएमा तेलको टिका (सिन्दुर सट्टामा) र सेन्द्रीया किसान भएमा सिन्दुर नै लगाइदिन्छ। यसरी किसानको विवाह सम्पन्न हुन्छ। विवाह मण्डपमा हुने सामान्य पूजा पाठका कार्यहरू यिनीहरूको देवाइरबाट हुन्छ।

विवाह सम्पन्न भएको १५ दिनपछि दुषी फर्काउने कार्य (दुलही माइत फर्कने) गरिन्छ। यो कार्यलाई यिनीहरू बौरत पनि भन्दछन्। बौरत फर्किदा छोरीलाई बच्छी उपहार दिएर पठाउने चलन छ। किसान जातिमा काका, बढाबा, आदि बाहेक नजिकैको ३-४ पुस्ताभित्र पनि विवाह हुने कुरो मागुरमाडी-४ सेमेरडङ्गाका जोगी किसान, मेची नगर नगरपालिका-६ च्याल्मे गाउँका तोहिला किसान, सुबा बस्तीका शनिचरवा किसान, अनारमनि-१ बुट्टाबारीका बौवा किसान तथा स्व. राजा ढोडी किसानकि विधवा चिलमाया किसान बताउँछन्। यिनीहरू मामा फुपुका चेला चेलीका बीचमा पनि विवाह गरदैंनन्। मामा चेला चेलीका बीचमा पनि विवाह गर्दैनन्। मामा चेला फूपू चेलीबाट २-३ पुस्ता पर गएपछि विवाह गरे हुन्छ।

किसान जातिमा प्रेम विवाह, विधवा विवाह, बहु विवाह आदि पनि प्रचलित थिए। यी विवाहहरू मध्ये प्रेम विवाहका उदाहरण अहिले पनि पाइन्छन्। आफ्नो नाता भित्रकी केटी कुनै केटाले भगाएर ल्याएको रहेछ भने पनि उसलाई पाप कट्ने स्वरूप राजाले चार पाँच सय दण्ड तिराएर विवाहको आज्ञा दिन्थे। अहिले यो दण्डको रकम बढाएर २००० पुऱ्याएको छ। यो रकम बाहेक राजालाई एउटा बोको छुट्टै दिनु पर्ने र केटीकी आमा हजुरआमालाई एक एक जोर कपडा, सालोलाई एउटा धोती उक्त दण्डको रकमबाट तिरेर बाँकी रकमबाट राजालाई दिएको बोको काटेर केटा केटी राजा र समाजसंगै बसेर भोज खान्छन्। त्यसपछि नाता कुटुम्बभित्र गरिएको प्रेम विवाहले पनि मान्यता पाउँछ। नाता नपर्ने तर आफ्नो जातभित्रको केटीसंगको प्रेम विवाहमा दण्ड तिर्नु पर्दैन। तर केटीकी आमा हजुरआमालाई एक एक जोर कपडा र सालोलाई एउटा धोती भने केटाले अनिवार्य रूपमा दिनु पर्छ।

बिधवा विवाहका लागि केटो पनि बिधुर नै हुनुपर्ने नियम छ। यस्तो विवाहलाई सगइ विवाह भनिन्थ्यो। अहिले बिधवा विवाहका उदाहरण पाइदैनन्। यसैगरी किसान जातिमा बहु विवाहको पनि प्रचलन थियो। हुनेखानेले दुई तीनवटी विवाह गर्दथे भनेर शान्ति नगर बस्ने चिया कमानका नौवा किसान र मागुरमाडिका ६५ बर्षिय पुना किसान बताउँछन्। हाल आएर कुनै पनि किसानका दुईवटी स्वास्नी भएका उदाहरण दिन सकिन्न। बहु विवाह गरेमा पनि त्यसलाई किसान जातिहरू अनौठो ठान्दैनन्।

**मृत्यु संस्कारः-**

मृत्यु संस्कार सम्पूर्ण मानवजातिले गर्ने अन्तिम संस्कार हो। किसान जातिले गर्ने यो संस्कार अन्य जातिको भन्दा केही फरक देखिन्छ। कुनै व्यक्तिको मृत्यु भएपछि उनीहरू लासमा तेल बेसार दल्ने कार्य गर्दछन्। यसो गर्नुको मतलब लास शुद्ध पार्नु हो। यो कार्यलाई किसानहरू "हर्दी तेल माइक दे" भन्दछन्। यसरी हर्दी तेल माइक भइसकेपछि लास उठाएर घाट तर्फ लगिन्छ। लासलाई जलाउने वा गाड्ने दुवै कार्य गर्न सकिन्छ। तर लास जलाउन वा गाड्न अगाडि चिहान किन्नु पर्ने यिनीहरूको

अनौठो चलन छ । चिहान किन्न त्यस वरिपरी रूपैया पैसा छर्दछन् । लास जलाउने भएमा जेठो छोराले दाग बत्ति दिएपछि अरू मलामीले लास जलाउन सघाउँछन् । लास गाड्ने भएमा पनि जेठो छोराले माटो दिएपछि मात्र अरू मलामीले त्यो कार्यपूरा गर्न सघाउँछन् । लास जलाउने वा गाड्ने कार्य पूरा भइसकेपछि चिहानमा एक जोर थाल कचौरा राखिदिएर चिहान वरिपरि धान, चामल राखिदिने गरिन्छ । मृतकलाई अर्को लोकमा बस्न खान केही अप्ठ्यारो नपरोस् भनेर यस किसिमको कार्य गरिएको हो ।

लास जलाउने वा गाड्ने कार्य समाप्त भएपछि घर आएर मृतकको जेठो छोरो मात्र किरिया बस्छ । अरू छोरा किरिया बस्न आवश्यक छैन । छोरो नभएमा नजिकको व्यक्ति र सो पनि नभएमा मृतककी छोरीले पनि काज किरीया गर्न सक्ने नियम छ । किरीया गर्ने कार्यलाई यिनीहरू पानी राखेको भन्दछन् । छोरीले किरीया गर्न नपरेमा उसलाई ३ दिनमात्र जुठो लाग्छ । किरीया गर्न बस्नेले १३ दिनसम्म नुन, खोर्सानी, तेल, माछा, मासु खाँदैनन् । तर छुट्टै चोखो खाएर बस्न नियम छैन । उसले वल्लो पल्लो घरमा जान र तिनीहरूसंग बस्न सक्छ । तर, कुकुर, कुखुरा आदि छुनु हुँदैन । खोला तर्ने कार्य गर्न नहुने भएकोले दैनिक नुहाई धुवाई इनारमा मात्र गर्नु पर्छ । किरीया नबस्ने छोरालाई भने यो नियम लाग्दैन ।

मृत्यु भएको १३ औं दिनमा हजम बोलाएर सबै छोराको दाह्री, कपाल खौरीने कार्य गरिन्छ । नजिकका दाजु भाइले पनि दाह्री खौरीनु पर्छ । कपाल खौरनु अनिवार्य छैन । अन्त्यमा किरिया बस्नेको दाह्री कपाल खौरे पछि उसलाई खोलामा लगिन्छ र उसको टाउकोमा तेल बेसार दलिन्छ । तेल बेसार लगाउने कार्य सकिएपछि उसले हातमा दतिवन लिएर मृतकको सम्भनामा ५ अंजुली पानी चढाउँछ र नुहाउने कार्य गर्दछ । नुहाइसकेपछि लोटामा पानी लिएर घर फर्कन्छ । घर पुगेपछि दुबोले लोटाको पानी गोडामा छर्केर घर भित्र पस्छ । यो कार्य ऊ संग खोलामा गएका अन्य व्यक्तिहरूले पनि गर्दछन् । यस पछि नुन खोर्सानी पिँधेर बनाइएको पानीको घोल सबैले खान्छन् र शुद्ध भएको सम्भन्छन् । अन्त्यमा मृतक पुरुष भएमा धोती र स्त्री भएमा साडी दिएर हजामलाई बिदा गर्दछन् । हुने खानेहरूले साडी र धोतीका अतिरिक्त खाद्यान्न, थाल, कचौरा, लोटा र गाईको बाच्छी समेत हजामलाई दान गरेर पठाउँछन् । यस्तो किसिमको दान आफूले लिन नहुने भएकाले यिनीहरू जन्म तथा मृत्युमा आफैले कपाल खौरने काम गर्दैनन् ।

किरिया सकिएको भोलिपल्ट मृत व्यक्तिसंग घर टोल छिमेकका अन्य व्यक्तिको सातो नजाओस् भनेर सातो बोलाउने कार्य गर्दछन् । यो कार्यलाई यिनीहरू "छाइ पहुनक" भन्दछन् । यो "छाइ पहुनक" गर्न एउटा कुखुराको रातो भाले र रातो र कालो रङ्गका गरी दुई वटा पोथी कुखुरा आवश्यक पर्छ । यसपछि टपरीमा थोरै चामल र एउटा कुखुराको अण्डा राखिन्छ । यो अण्डामा एउटा सानो प्वाल पारेर मृत व्यक्तिको नाम लिंदै कुखुराको प्वाँखले अण्डामा चोप्दै मानिसहरूलाई छर्कंदै गरेर धामीले मन्त्र पाठ गर्दै एउटा सानो पूजा गर्दछ । यसपछि सो अण्डालाई केही पर लगेर फाल्छ र कुखुराको ती भाले पोथी काटेर पूजा गरेपछि प्रसादका रूपमा त्यसको मासु खाएर घर फर्कन्छन् । किरीयाका सम्पूर्ण कार्य सकिएपछि सातो बोलाउने अनौठो प्रचलन यो जातिमा रहेको छ । एक वर्षसम्म किरिया बस्ने छोराले र उसकी श्रीमतीले सेता लुगा लगाएर आसौच बार्दछन् ।

**निष्कर्षः-**

किसान जाति नेपालबाट लोप हुन लागेको अवस्थामा पुगेको एउटा जाति हो । यो जाति झापा जिल्लाका विभिन्न १३ स्थानमा (तर नजिकै रहेका स्थानमा) छरिएर रहेका छन् । आफूहरू कुशबाट उत्पन्न भएकाले अरु जाति भन्दा आफ्नो जाति उच्च रहेको यिनीहरूको दाबी रहेको छ । हाल आएर उराव तथा कावंर जातिलाई पनि किसान जातिकै प्रजाति भनेर भ्रम फैलाएका कारण यिनीहरूलाई दुःख लाग्छ । तर पनि सामाजिक दण्ड तिरेर भएपनि आफू भन्दा तलका मानिएका उराव र कावंर जातिसंग पनि यिनीहरूको वैवाहिक सम्बन्ध कायम हुन्छ । यस किसिमको दण्ड तिरेर गरिने विवाह प्रति यिनीहरूको मन दुख्छ । आफ्नो जातमा कुनै ठूलो र सानो जात नहुने बताउने किसान जाति अझैसम्म पनि पहाडिया बाहुन क्षेत्रीले पकाएको भात खान हिच्किचाउँछ । यो जातिको आफ्नो छुट्टै सामाजिक परिवेश छ । अझैंसम्म पनि सकेसम्म यिनीहरू आफ्नो समाज

भित्रका कुनैपनि झैं झगडा र मुद्दा मामिलाका कुरा आफ्नो समाज बाहिर जान दिंदैनन् । आफ्नो समूहको राजाले दिएको निर्णय नमानेमा समाजमा आफ्नो पानी नचल्ने र समाजबाट अलगिएर बस्नु पर्ने बाध्यता रहेकाले किसान जाति एकै समूहमा बाँधिएर एक ढिक्का भएर रहेको छ । यस किसिमको सामाजिक विशेषता अन्य जातिमा देखिँदैन । थोरै मात्र चाड पर्व मान्ने यो जातिका जन्म विवाह र मृत्यु संस्कार गरेर तीन वटामात्र संस्कार रहेका छन् ।

किसान जाति संख्यात्मक रूपमा न्यून रहेको, चेतनाको राम्रो विकास नभएका कारणले गर्दा यो जाति बाहेक यहाँ अन्यजातिहरूको बाहुल्यता रहेकाले हाल यस जातिले आफ्नो मौलिकता गुमाउँदै गएको देखिन्छ । यिनीहरूको आफ्नो मौलिकता गुमाउने क्रम यही रूपमा रही रहने हो भने निकट भविष्यमा यिनीहरूको मौलिक संस्कृति, धार्मिक, सामाजिक, राजनैतिक पहिचानको लोप हुने अवस्था टड्कारो रूपमा आभाष हुन्छ । यसर्थ सम्वन्धित निकायहरूले बेलैमा उचित दृष्टि नपुऱ्याउने हो भने यो जातिको मौलिकता समाप्त नै हुने अवस्था रहेकोले समुचित दृष्टि पुऱ्याउन बाञ्छनीय देखिन्छ । अस्तु:

### सन्दर्भ ग्रन्थ र व्यक्तिहरू


१. पन्त शास्त्र दत्त–झापाका आदिबासी– साझा प्रकाशन-०४१
२. बिष्ट कुल बहादुर–किसान जाति एक अध्ययन- Village Profile M.A.-अप्रकाशित
३. उही
४. जोगी किसान, खुयु किसान-मागुर माडी-४ सेमेरडङ्गा
५. त्रिगुणयत जगदिश-उरावं भाषा और साहित्य-पञ्च दश लोक भाषा निबन्धावलि-विहार राष्ट्र भाषा परिषद, गया १९६० पृ. ११७
६. दहाल चिन्तामणी-झापाका विभिन्न जनजातिको झलक-अप्रकाशित
७. भावीर किसान (राजा) मागुर माडि ४ सेमेरडङ्गा
८. श्रीमती जिडनी किसान र श्रीमती कुनी किसान- मागुरमाडि ४ सेमेरडङ्गा
९. डोमरा किसान-किसान समुदाय सामाजिक क्लबका अध्यक्ष
१०. झाक्री किसान-धाइजन र पुना किसान-मागुरमाडी ४ सेमेरडङ्गा
११. उही
१२. बराल बासु-हिन्दु सामाजिक संगठनको प्रारूप- पृ. ४५ साझा प्रकाशन २०४४
१३. डा. खत्री प्रेम कुमार-नेपालको सामाजिक इतिहास र धार्मिक मतहरू M.K. Publishers and Distributers KTM
१४. पुना किसान-मागुरमाडि ४ सेमेरडङ्गा
१५. चिलमाया किसान-(स्व. राजा ढोडी किसानकी विधवा)-मागुरमाडी ४ सेमेरडङ्गा
१६. खुयु किसान-धाइजन ८ र जोगी किसान-मागुरमाडी ४ सेमेरडङ्गा
१७. खुयु किसान-धाइजन ८ (यिनी किसान समुदायका मन्त्री (वकिल) पनि हुन्)


## Reference


१. विष्ट डोर बहादुर-People of Nepal
२. शर्मा जनक लाल-हाम्रो समाज एक अध्ययन
३. राजवंशी दुर्गा चन्द्र सिंह-राजवंशी (कोच जातिको धर्म र संस्कृति) ०५७


यस बाहेक खुट्टीडागीका कोंहहरू, च्याल्मे गाउँका तोहिला किसान, भाविर किसान राजाका सिपाहीहरू, मागुरमाडिका बचन किसान र बाहुन किसान आदिको पनि सहयोग उपलब्ध रहचो ।